**Patan Pragya** *(Volume: 8, Number: 1 2021)* *ISSN No. 2595-3278*

Received Date: Jan. 2021 Revised: April 2021 Accepted: June 2021

https://doi.org/10.3126/pragya.v8i01.42449

# ‘नवपल्लव’ मा सङ्गृहीत गीतिरचनामा देशप्रेम

**डा. ढुण्डिराज पहाडी***

**लेखसार**

*‘नवपल्लव’ वासुदेव त्रिपाठीद्वारा रचित लघु आयामको गीतिसङ्ग्रह हो । साझा प्रकाशनले २०४६ सालमा प्रकाशन गरेको विवेच्य गीतसङ्ग्रहमा ९ ओटा गीतहरू मात्र समेटिएका छन् । उच्च कवित्व र सघन गेयताको समागम भएका विश्लेष्य गीतिरचनाहरूको अन्तर्वस्तु देशप्रेम हो । गीतमा अभिव्यञ्जित देशप्रेमको कथ्यलाई आस्वाद्य बनाउन के कस्तो गीतिकौशलको प्रयोग गरिएको छ भन्ने प्रमुख प्राज्ञिक जिज्ञासा र विमर्शमा प्रस्तुत आलेख केन्द्रित छ । रचनाकारको स्वानुभूतिमा प्रतिबिम्बित राष्ट्ररागको संवेग, भाषिक लालित्य र गीतिसौन्दर्यको वस्तुनिष्ठ मूल्याङ्कनका निम्ति विश्लेष्य गीतिरचनाबाटै साक्ष्य र तथ्य सङ्कलन गरिएको छ । देशभक्तिका गीतको सैद्धान्तिक अवधारणालाई अवलम्बन गरी गीतको वस्तुविधान र गीतिशिल्पको कलात्मक संयोजन कसरी भएको छ भन्ने समस्याको समाधान खोज्न विवेच्य रचनाहरूको विश्लेषणका निम्ति गीति तत्त्वलाई आधार बनाइएको छ । हाम्रा वीर पूर्वजको त्याग, हिमाली राष्ट्र नेपालको अनुपम प्राकृतिक सौन्दर्य, नेपाली जातिको स्वाभिमान र स्वतन्त्रता तथा मातृभूमि नेपालप्रतिको उच्च समर्पणमा ‘नवपल्लव’ का गीतिरचनाको राष्ट्रराग अभिव्यञ्जित भएको छ भन्ने प्रस्तुत अध्ययनको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी :** राष्ट्रराग, स्वानुभूति, शब्दचित्र, अन्तर्वस्तु, अप्रस्तुतविधान ।

## विषयपरिचय

‘नवपल्लव’ गीतसङ्ग्रहका रचनाकार वासुदेव त्रिपाठीको जन्म १९९९ चैत्र १३ गते तनहुँको दोरदोर गाउँमा भएको हो । पिता प्रेमदत्त त्रिपाठी र माता गोमादेवीका सुपुत्र वासुदेव त्रिपाठीको न्वारनको नाम नूतनराज त्रिपाठी हो । ८/९ वर्षको उमेरमै उनले आफ्नी आमा गुमाएका थिए । टुहुरो बनेर कठोर दिनहरू बिताउँदै बाल्यावस्था पार गरेका वासुदेव त्रिपाठीले २०२२ सालमा जुम्ला हाइस्कुलका प्रधानाध्यापकको जिम्मेवारी पनि सम्हालेका थिए (शर्मा, २०६२, पृ. ४६१-४६२) । वासुदेव त्रिपाठीले २०२२ सालमा त्रि.वि. बाट नव्य व्याकरणाचार्य प्रथम श्रेणीमा उत्तीर्ण गरी २०२४ सालमा प्रथम श्रेणीमा प्रथम भई नेपालीमा समेत एम.ए. को अध्ययन पूरा गरेका थिए । २०३३ सालमा ‘लेखनाथ पौड्यालका कवित्वको विश्लेषण र मूल्याङ्कन’ शीर्षकमा विद्यावारिधि पूरा गरी नेपाली साहित्यमा विद्यावारिधि उपाधि प्राप्त गर्ने पहिलो व्यक्तिका रूपमा वासुदेव त्रिपाठी चिनिए । पढाइमा प्रतिभाशाली विद्यार्थीका रूपमा परिचित त्रिपाठीले २०२४ सालमा त्रिचन्द्र कलेजमा संस्कृतको प्राध्यापन कार्य सुरु गरी त्रि.वि. प्रवेश गरेका थिए (कँडेल, २०५५, पृ. २०६) । वासुदेव त्रिपाठी २०१६ सालमा ‘यो दुनियाँ तिम्रै हो’ शीर्षकको रचनामा प्रथम भएर तत्कालीन राजा महेन्द्रबाट उनले पुरस्कार समेत पाएका थिए (शर्मा, २०६२, पृ. ४६१) । त्यतिबेलादेखि नै लेखनयात्रामा क्रियाशील वासुदेव त्रिपाठीले समालोचना, कविता

* डा. पहाडी पाटन संयुक्त क्याम्पसमा उप प्राध्यापक हुनुहुन्छ ।

र निबन्धका क्षेत्रमा कलम चलाउँदै हालसम्म धेरै कृति रचेको देखिन्छ । एकललेखन, सहलेखन र सम्पादनमा यिनका कृतिहरू प्रकाशित हुँदै आएका छन् ।

वासुदेव त्रिपाठीले साहित्य र समालोचनाका गुणस्तरीय कृतिहरू प्रकाशन गरेका छन् । 'अर्धनारीश्वर' (२०३९), 'तीन थुँगा' (२०४६), 'नवपल्लव' (गीतसङ्ग्रह (२०४६), 'देशमहिमा' (२०४६) उनका मौलिक काव्यकृति हुन् भने 'मैना' (२०३९), 'लेखनाथका प्रमुख कविता' (२०४६), 'लेखनाथका प्रतिनिधि कविता' (२०४८) आदि उनका सम्पादित कृति हुन् । 'जीवन रोज्नुहोस्' उनको अनुवादित कृति हो । नेपाली, संस्कृत र अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर पूरा गरेका वासुदेव त्रिपाठीले 'नेपाली कविताको सिंहावलोकन' (२०२७), 'विचरण' (२०२८), 'पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा' (२०३०), 'पहलमानसिंहको पुनर्मूल्याङ्कन' (२०३३), 'लेखनाथ पौड्यालको विश्लेषण र मूल्याङ्कन' (२०४५), 'साहित्यकार झपटबहादुर राणाको जीवनीको झलक' (२०४५) र 'साहित्य सिद्धान्त : शोध तथा सिर्जनाविधि' (२०६६) जस्ता मौलिक समालोचनात्मक कृति रचेका छन् (कँडेल, २०५५, पृ. २०६) । त्रिपाठीका गीतिकविताको प्रकाशन २०२० को दशकको मध्यतिरबाट सुरु भएको हो । देशभक्तिको भावलाई मनमोहक शैलीमा प्रस्तुत गर्ने गीतकारका रूपमा उनलाई चिनिन्छ । उनका फुटकर गीतहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् (बराल, २०६०, पृ. २०३) । कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा पनि त्रिपाठीको 'सय रङ इन्द्रेनी' शीर्षकको गीतिकविता प्रकाशित भएको छ । त्यसमा पनि देशप्रेमकै भाव प्रकट भएको छ ।

सङ्ख्याका कोणबाट हेर्दा गीतकार वासुदेव त्रिपाठीका गीतहरू न्यून देखिए पनि ती गीतको गुणवत्ता निकै उच्च देखिन्छ । 'नवपल्लव' गीतसङ्ग्रहका ९ ओटै गीतहरू पनि वस्तुविधान र गीतिकौशलका दृष्टिले उत्कृष्ट कोटिका देखिन्छन् । नेपाली गीतिसाहित्यमा वासुदेव त्रिपाठीको योगदान विशिष्ट भए पनि उनको योगदानका अन्य पाटाहरूमा भएका अध्ययन विश्लेषणभन्दा गीतको क्षेत्रमा भएको अध्ययनको स्थिति कमजोर देखिन्छ । २००० को दशकदेखि नै नेपाली काव्यपरम्परामा लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, म.वी.वि. शाह, अगमसिंह गिरी प्रभृति स्थापित कविहरूले प्रवर्तन गरेको साहित्यिक नेपाली गीतको विकास प्रक्रियामा २००७ पछि प्रगतिवादी गीतिधारा र स्वच्छन्दतावादी गीतिधारा प्रबल रूपमा देखिए । २०२० को दशकमा गीतकार वासुदेव त्रिपाठी पनि स्वच्छन्दतावादी गीतिधाराकै नवोदित गीतिस्रष्टाका रूपमा गीतिसाहित्यमा प्रवेश गरेका हुन् (बराल, २०६०, पृ. २०३) । प्रारम्भमा गीतिकविताका माध्यमबाट आफ्नो गीतिसाधना दरिलो बनाउँदै अघि बढेका गीतकार त्रिपाठी 'नवपल्लव' मा आइपुग्दा देशप्रेमका सशक्त रचनाकारका रूपमा स्थापित भइसकेका देखिन्छन् । उनको 'नवपल्लव' गीतसङ्ग्रहमा अभिव्यञ्जित राष्ट्रप्रेमका सुन्दर गीतहरूलाई वस्तुनिष्ठ र व्यवस्थित रूपमा कतै पनि अध्ययन विश्लेषण गरिएको पाइँदैन । गीतकार त्रिपाठीले नेपाली गीतिसाहित्यलाई प्रदान गरेको विशिष्ट र मौलिक योगदान के हो र देशभक्तिका गीतको विकास प्रक्रियामा उनका देशप्रेमका गीतहरूको के कस्तो साहित्यिक मूल्य छ भन्ने जिज्ञासा हालसम्म पनि अनुत्तरित नै रहेको छ । त्यसर्थ त्रिपाठीको 'नवपललव' गीतसङ्ग्रहमा सङ्कलित देशभक्तिका विश्लेष्य गीतहरूको अन्तर्वस्तु र शैलीशिल्पगत वैशिष्ट्यको समुचित विश्लेषण र मूल्याङ्कनको अभावपूर्ति गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको हो ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनार्थ पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । यसमा विश्लेष्य सामग्रीको चयन गर्दा 'नवपल्लव' गीतसङ्ग्रहमा सङ्कलित गीतिरचनालाई प्राथमिक सामग्री र सङ्कलित

सामग्रीको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्मको प्रक्रियामा उपयोग गरिएका सैद्धान्तिक तथा प्रायोगिक ग्रन्थ, पत्रपत्रिका, शोधग्रन्थ आदिलाई द्वितीयक सामग्रीका रूपमा ग्रहण गरिएको छ । प्रस्तुत अध्ययनमा उठाइएका प्रमुख जिज्ञासा वा दाबीलाई पुष्टि गर्न देशभक्तिका गीतको सैद्धान्तिक सन्दर्भलाई आधार बनाई विश्लेष्य गीतबाट लिइएका साक्ष्यहरूलाई तथ्याङ्कका रूपमा प्रयोग गर्दै वस्तुनिष्ठ विश्लेषणसहित निष्कर्ष निकाल्ने काम भएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा सङ्कलित सामग्रीको अर्थापनका लागि मूलतः विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ ।

## देशभक्तिको सैद्धान्तिक सन्दर्भ

देशप्रेम वा देशभक्तिका गीतको सैद्धान्तिक पृष्ठभूमिको परिचर्चा गर्नुभन्दा अघि गीतको सैद्धान्तिक स्वरूपको सङ्क्षिप्त चिनारी प्रस्तुत गर्नु समुचित देखिन्छ । स्रष्टाको निजानुभूति तीव्र आवेगसहित प्रकट हुँदा सिर्जना हुने आख्यानरहित, सङ्क्षिप्त एवम् गेयात्मक अभिव्यक्तिलाई गीत भनिन्छ । यस परिभाषाभित्र गीतको स्वरूपलाई प्रकाश पार्ने सबै विशेषता समेटिएका छन् । प्रस्तुत परिभाषालाई मन्थन गर्दा गीत स्रष्टाको निजानुभूति हो र यसको प्रकटीकरण तीव्र मनोवेगका साथ हुन्छ भन्ने बुझिन्छ । गीत अनुभूति मात्र हो र यसमा आख्यान तत्त्वले प्रवेश पाउँदैन भन्ने पनि उक्त परिभाषाले स्पष्ट पारेको छ । गेयता गीतको मूल चिनारी भएकाले गायनको प्रयोजनले गर्दा यस्तो रचना सङ्क्षिप्त स्वरूपको हुने देखिन्छ । हाल नेपालीमा विकसित र विस्तारित भएका साहित्यिक गीतहरू ग्रिसेली वा पश्चिमेली 'लिरिक' कै ढाँचाका आत्मनिष्ठ र वैयक्तिक रचना हुन् । 'लायर' नामक बाजासँग गाइने यस्ता गीतहरू छोटा हुन्थे (कडन, सन् १९९९, पृ. ४८१) । विश्वसाहित्यमा पनि गीतलाई विशिष्ट प्रकारको साहित्यिक रचना मानिन्छ । प्राचीन ग्रीसमा 'लायर' नामक बाजासँग गाइने भएकाले गीतलाई 'लिरिक' भनिन्थ्यो (अम्ब्रज, सन् २०००, पृ. १४७) । अङ्ग्रेजीमा 'लिरिक', 'लिरिक्स' र 'सङ' जस्ता शब्दहरूबाट गीतलाई चिनाइए पनि नेपालीमा 'गीत' शब्दले गाइएको वा गाउने प्रयोजनले लेखिएका रचनालाई बुझाउँछ (बराल, २०६०, पृ. १४५) । 'गीत' संस्कृत तत्सम शब्द हो । 'गै' धातुमा 'क्त' प्रत्यय लागेर बनेको गीतको अर्थ गाना भन्ने हुन्छ । नेपाली कविताकै उपविधा मानेर गीतको अध्ययन हुँदै आएको छ । नेपाली साहित्यमा २००० को दशकमा महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायतका स्वच्छन्दतावादी कविहरूद्वारा स्थापित साहित्यिक गीतका विविध भावधाराहरू अहिले विकसित भएका छन् । तीमध्ये देशप्रेम वा देशभक्तिको भावधारालाई पनि सशक्त मानिन्छ । देशभक्ति वा देशप्रेमको पाश्चात्य चिन्तनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### (क) देशभक्तिको मूल तात्पर्य

राष्ट्रभक्ति, देशभक्ति र देशप्रेम यी तीन ओटै शब्द समानार्थी मानिन्छन् । स्वदेशप्रेम, राष्ट्रप्रेम जस्ता शब्दहरूको आशय पनि देशभक्ति नै हो । देश भनेको कुनै पनि नागरिक बसोबास गर्ने राज्य, राष्ट्र वा मुलुक हो । आफू बस्ने देशप्रतिको बफादारी, प्रेम र समर्पणलाई देशभक्ति भनिन्छ । देशको समुन्नतिका निम्ति गरिने कार्य तथा स्वदेशमा रहेका रीतिरिवाज, नीतिनियम आदिप्रतिको सद्भावनालाई देशभक्ति भनिन्छ (पोखरेल र अन्य, २०७५, पृ. ६२८) । यस मतले देशभक्ति भावना मात्र होइन कार्य पनि हो भन्ने आशय प्रस्तुत गरेको छ । देशभक्ति आस्था पनि हो र साहित्यकारले व्यक्त गरेका आफ्ना सिर्जनामा पनि देशप्रतिको समर्पण र आस्था व्यक्त भएको हुन्छ भन्ने स्पष्ट भएको छ ।

अङ्ग्रेजीमा देशप्रेम वा देशभक्तिलाई 'प्याट्रिअटिज्म' भनिन्छ । 'प्याट्रिअटिज्म' लाई देशभक्ति बुझाउने नाम शब्दका रूपमा र 'प्याट्रिअटिक' लाई देशभक्त वा देशभक्तिपूर्ण अर्थ दिने विशेषणका रूपमा चिनाइएको पाइन्छ (लोहनी र अधिकारी, सन् २०१०, पृ. ११९८) । यस मतलाई विश्लेषण गर्ने हो भने देशप्रति समर्पित भएर आफ्ना अनुभूति वा विचार प्रकट गर्ने गीतकारहरू पनि देशभक्त वा अङ्ग्रेजी शब्दले अर्थ्याएको 'प्याट्रिअटिक' हुन् ।

**(ख) पाश्चात्य साहित्यमा देशभक्तिको चिन्तन**

पाश्चात्य साहित्यमा पनि देशभक्तिलाई देशप्रतिको अनुराग नै भनिएको छ । 'प्याटिअटिज्म' भन्ने शब्द ग्रिक र ल्याटिन भाषाबाट विकसित हुँदै आएको हो । त्यहाँ यस शब्दको अर्थ 'फादर' वा 'जनक' भन्ने हुन्थ्यो । 'प्याट्रिअटिज्म' ले पितृभूमिप्रतिको महिमागान, प्रेम तथा देशको परम्परा र रीतिरिवाजलाई गरिने आस्थापूर्ण व्यवहार भन्ने अर्थ बोकेको पाइन्छ । यसले जन्मभूमिप्रतिको आत्मीयता, जनहितप्रतिको सेवा र समर्पण तथा देशप्रतिको परिचयात्मक आबद्धतालाई बुझाएको पाइन्छ (द वर्ल्ड बुक इनसाइक्लोपेडिया, भोल्युम नं. ९, सन् १९६६, पृ. २८८) । यस परिभाषाले 'प्याट्रिअटिज्म' भनेको पितृभूमिप्रतिको प्रेम, देश, समाज र संस्कृतिप्रतिको समर्पण र आबद्धता नै हो भन्ने स्पष्ट पारेको छ । माथिको 'प्याट्रिअटिज्म' वा देशभक्तिसम्बन्धी विचार स्पष्ट गर्ने क्रममा यसलाई 'न्यास्नलिज्म' वा राष्ट्रवादसँग तुलना गरिएको छ ।

'न्यास्नलिज्म' वा राष्ट्रवाद भन्नाले यस्तो राजनीतिक सिद्धान्त भन्ने बुझिन्छ जसमा राष्ट्रका एउटै भाषा र संस्कृतिका जनताको आबद्धता हुन्छ भन्ने मत 'देशभक्ति' सँग यसको अन्तर देखाउने क्रममा प्रकट गरिएको छ । राष्ट्रवादीहरू हरेक राष्ट्रको छुट्टै स्वतन्त्र सरकार र हस्तक्षेपरहित शासनपद्धति हुन्छ भन्ने मान्दछन् । प्याट्अटिज्म वा देशभक्ति भनेको व्यक्तिको देशप्रतिको प्रेम वा अनुभूति हो भने 'न्यास्नलिज्म' वा राष्ट्रवाद भनेको जनताहरूको छुट्टै विशिष्ट समूहको आबद्धता भएकाले यो व्यक्तिको अनुराग होइन (वर्ल्डबुक, इन्साइक्लोपेडिया भोल्युम ९, सन् १९६६, पृ. २८८) । देशभक्ति वा देशप्रेम भनेको आफ्नो देशप्रति नागरिकको प्रेम र बफादारी हो । यसले व्यक्तिको राष्ट्रप्रतिको आत्मीयता, समर्पण, देशको परम्परा र नीतिनियमलाई सम्मान गर्ने भावना, आफ्नो राष्ट्रको इतिहासप्रतिको गौरव र कल्याणकारी विचारलाई बुझाउँछ (वर्ल्ड बुक इनसाइक्लोपेडिया, सन् १९९५, पृ. २१७) । देशभक्तिले देशवासीको एकताको भावनालाई समेत सङ्केत गर्छ ।

'प्याट्रिअटिज्म' भन्ने शब्द ग्रिक भाषाबाट लिइएको हो । यो शब्द 'प्याट्रिस' बाट बनेको हो । प्राचीन ग्रिसमा प्याट्रिसको अर्थ पितृभूमि वा गृहभूमि भन्ने मात्र हुन्थ्यो । यसमा कुनै राजनीतिक अर्थको लेपन नलागेका बेला यसले पहाड, मैदान, नदी जस्ता भौतिक वस्तुलाई मात्र बुझाउँथ्यो । यातायातको विकास, सञ्चारको नवीन सुविधाको विकासका कारण आफ्ना पितापुर्खा बसेको देशबाट मानिसहरू अन्य देशतर्फ सर्न थाले । त्यसपछि देशभक्तिको अर्थ र स्वरूपमा जटिलता थपिएको हो (द वर्ल्डबुक इन्साइक्लोपेडिया, सन् १९९५, पृ. २१८) । आफ्नो पितृभूमिलाई माया गर्ने कि वर्तमान समयमा आफू बस्ने कर्मभूमिलाई माया गर्ने भन्ने प्रश्नहरू जन्मन थाले । अङ्ग्रेजी साहित्यका समीक्षक स्यामुअल जोन्सोनले देशभक्तिका कारण कहिलेकाहीँ अत्यधिक भावुक भएर भावनात्मक उत्तेजना र भड्काव उत्पन्न भई विनाश समेत हुन सक्ने तर्क गरेका छन् । देशभक्तहरूले कुनै समूह वा विचारको अन्धभक्त भएर विध्वंस मच्चाएको पनि पाइन्छ (द वर्ल्डबुक इनसाइक्लोपेडिया, सन् १९९५, पृ. २१८) । दोस्रो विश्वयुद्धमा उग्र राष्ट्रवादले यस्तै विध्वंस मच्चाएको देखिन्छ । जर्मनीका हिटलरको नेतृत्वमा र इटालीमा मुसोलिनीको अगुवाइमा आफ्नो राज्यविस्तार गर्ने कार्यलाई उनीहरूले देशभक्तिपूर्ण उद्देश्यका रूपमा

अर्थ्याएका थिए । उग्र राष्ट्रवादको दुरूपयोग र दुष्परिणाम भोगेपछि आधुनिक राष्ट्रवादको उदयपश्चात् विभिन्न मुलुकका देशवासीले आफ्ना पुर्खा जन्मेको भूमि र आफ्नो कर्मभूमिको महत्त्व, भिन्नता र प्रतिफल बुझेर देशभक्तिको धारणामा परिवर्तन गरेको पाइन्छ ।

साहित्यमा प्रस्तुत हुने देशभक्तिले नवीन पुस्तालाई आफ्ना पूर्वजहरूले देशनिर्माणमा गरेका त्याग र वलिदानको बोध गराउँछ । आफ्नो देशको भौतिक, प्राकृतिक सम्पदा सौन्दर्य, देशको गौरवपूर्ण इतिहास, संस्कृतिप्रति प्रेम र समर्पणको भाव जगाउने भएकाले राष्ट्रको उन्नयनमा साहित्यमा अभिव्यञ्जित देशभक्तिले सकारात्मक भूमिका खेलेको पाइन्छ । नेपाली गीतिसाहित्यमा विशेष गरी २००७ सालमा रेडियो नेपालको स्थापनापछि देशको गौरव र आकर्षण पैदा गर्ने सुन्दर गीतहरू प्रसारणमा आउन थाले । यसले देशप्रेमका गीत रच्ने नेपाली गीतकारहरूलाई उत्प्रेरित बनाउँदै लग्यो । यही पृष्ठभूमिमा विवेच्य गीतसङ्ग्रहका स्रष्टा वासुदेव त्रिपाठीमा पनि राष्ट्रचेत सल्बलाउँदै देशभक्तिका रचना गर्न थालेको पाइन्छ ।

## 'नवपल्लव' मा सङ्कलित गीतिरचनामा प्रतिबिम्बित देशप्रेम

'नवपल्लव' गीतिसँगालो देशप्रेमका गीतहरूले सजिएको कृति हो । यसमा ९ ओटा मात्र गीतहरू प्रस्तुत भए पनि गुणस्तरका दृष्टिले सबै रचनाहरू उत्कृष्ट देखिन्छन् । 'मातृभूमिप्रति', 'नेपाल आमा', 'वीर रगत', 'वीर पुर्खा', 'नेपालको अडान', 'पुर्खाको नासो नेपाल', 'सुन्दर नेपाल', 'नेपालप्रति', 'सुखदुःख दुवै मिठो' शीर्षकका गीतहरू 'नवपल्लव' मा सङ्गृहीत छन् । विश्लेष्य गीतहरूमा ऐतिहासिक घटना, नेपालका प्रसिद्ध युद्धस्थल र पुर्खाप्रति गर्वको अनुभव प्रकट गरिएको छ । देशको राष्ट्रिय सम्पदा, सुन्दर प्राकृतिक परिवेश एवम् साहस र स्वाभिमानका धनी नेपाली जातिप्रति गौरव प्रस्तुत गर्ने विवेच्य गीतहरूलाई गीतकै साक्ष्यका आधारमा निम्न शीर्षकमा विश्लेषण गरिएको छ :

### (क) वलिदानी वीर पूर्वजप्रति श्रद्धा

नेपाल राष्ट्रको निर्माता हाम्रा वीर पूर्वजहरू नै हुन् । प्राणको बाजी राखेर वैरीसँग लड्ने हाम्रा वीर पुर्खाको पौरखले यो देश बनेको हो । 'नवपल्लव' गीतसङ्ग्रहका 'वीर रगत' र 'वीर पुर्खा' शीर्षकका गीतहरूमा हाम्रा पूर्वजहरूको वीरता, वलिदान र योगदानकै महिमा प्रस्तुत गरिएको छ । सन् १८१६ को सुगौली सन्धिको घटनामा आफ्नो प्राणको वलि चढाउने भक्ति थापा, अमरसिंह थापा लगायतका वीरवीराङ्गनाको गाथाले हाम्रो नेपालको इतिहास गौरवान्वित छ । हाम्रा मनमस्तिष्कमा वीर पुर्खाकै साहस, शौर्य र राष्ट्ररक्षाकै भावना सल्बलाइरहन्छ । यो सुन्दर देश हाम्रै वीरपुर्खाको रचना हो भन्ने तथ्य तलको गीतांशबाट स्पष्ट हुन्छ :

प्राण चढाई गयौ तिमी रह्यो पौरख शेष
वीर पुर्खा नेपाल रच्यौ एउटा सुन्दर देश
तिम्रो नासो नेपाललाई डगाउने कसको तागत
दुई कोटि नेपालीमा बग्छ अझै तिम्रो रगत

('नवपल्लव', पृ. ९)

हाम्रा पुर्खा मर्न तयार हुने तर हार्न तयार नहुने त्यागी हुन् भन्ने गीतांशले पुष्टि गरेको छ । वीर पुर्खाले रचेर दिएको वर्तमान पुस्ताको सुन्दर नेपाललाई कुनै वैरीले झुकाउन नसक्ने ओजपूर्ण भावना माथिको साक्ष्यमा पाइन्छ । नेपालमाथि भएका बाह्य आक्रमणमा हाम्रा वीरहरू कहिल्यै नझुकेको ऐतिहासिक गौरव गीतांशमा प्रस्तुत भएको छ । हामी दुई कोटि नेपालीमा एकता, स्वाभिमान र राष्ट्ररक्षाको भावना अटल रहेको छ । आफ्नो

प्राण दिएर देश बचाउने वीर पूर्वजको त्यागी चरित्रको महिमागान 'वीर रगत' शीर्षकको गीतमा यसरी प्रस्तुत गरिएको छ :

आँधी हुरी कति आए कहाँ डग्थ्यो वीरको छाती
कहाँ झुक्थ्यो अग्लो हिमाल कहाँ झुक्थ्यो वीर जाति
स्वाभिमानको दियो बली उज्यालो यो नेपाल तखत
दुई कोटि सन्ततिमा अझै बग्छ वीर रगत
कसले थुन्छ प्राणनाका हिमाल पहाड तराई जागृत
दुई कोटि नेपालीको एउटै प्राण एउटै रगत

('नवपल्लव', पृ. ९)

वैदेशिक थिचोमिचो र अन्यायविरुद्ध नेपालीहरू एक ढिक्का भएर इतिहासदेखि वर्तमानसम्म लड्दै आएको यथार्थलाई 'वीर रगत' शीर्षकको गीतले अभिव्यञ्जित गरेको छ । नेपाली नेपालीको आन्तरिक एकता नै पराईलाई परास्त गर्ने शक्ति हो भन्ने देशप्रेमको भाव गीतमा पाइन्छ । जाग्रत नेपाली जातिको सामूहिक बलका सामु शत्रुशक्ति कमजोर बन्ने तथ्य गीतांशमा प्रस्तुत भएको छ ।

'नवपल्लव' को 'वीर पुर्खा' शीर्षकको गीतमा पनि वीर वन्दना नै प्रकट भएको छ । आफ्नो देशका वीर पूर्वजप्रति हार्दिक प्रशंसा गर्नु अटल देशप्रेम हो । वीरताको साक्षी बनेका ऐतिहासिक स्थलहरू टिस्टा, रावी, काँगडा, कलङ्गाको गाथा गाउँदै 'वीर पुर्खा' शीर्षकको गीतमा देशप्रेमको भावना यसरी प्रस्तुत भएको छ :

पूर्व टिस्टा तिमीलाई सम्झी अझै रुन्छ होला
पश्चिम रावी तिम्रो अझै रक्तधारा धुन्छ होला
वीर पुर्खा तिम्रो गीत चिसो हिउँभित्र होला
वेत्रावती किनारभरि पौरखको चिनो होला

('नवपल्लव', पृ. ९)

प्रकृतिको मानवीकरण गर्दै नेपालका ऐतिहासिक स्थलसँग तादात्म्य प्रकट गर्ने माथिको गीतिसाक्ष्यले वीर नेपाली र नेपालको सुन्दर प्रकृतिको प्रगाढ सम्बन्ध देखाएको छ । नेपाली वीरहरूलाई प्रकृतिले अन्तर्प्रेरणा दिएको छ । नेपालीको अटल वीरता र देशप्रतिको समर्पणलाई यस गीतिसाक्ष्यको मुक्तकण्ठले प्रशंसा गरेको छ । नेपालीको अपारजेय वीरताको बखान गर्ने प्रस्तुत गीतांशले नेपालीको जातीय चरित्रको सच्चा स्वरूप प्रतिबिम्बित गरेको छ ।

नेपाल नेपालीहरूले लडेरै बनाएको र लडेरै बचाएको देश हो । लडाकु चरित्र नेपालीको जातीय विशेषता नै हो । वीर नेपालीको गति, यात्रा र उद्देश्यलाई कुनै शक्तिले पनि अवरोध गर्न सक्तैन भन्ने देशप्रेमी भावना गीतमा यसरी प्रस्तुत भएको छ :

कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र
वीर पुर्खा कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र
गरुडको झैं वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो
पौरखले रच्यो नेपाल, पहाड तराई जुट्न सक्यो

('नवपल्लव', पृ. ९)

नेपालीहरूलाई दुश्मनले पनि दोसल्ला ओढाएर प्रशंसा गर्नु पर्ने कारण देशभक्ति नै हो । नेपाली वीरहरूको देशभक्ति विश्व मानवसमुदायकै निम्ति उदाहरणीय देखिन्छ । नेपाली वीरत्वको महिमालाई प्रस्तुत गीतिसाक्ष्यमा अभिव्यञ्जित गरिएको छ । हाम्रा नेपाली वीरहरू विश्वयुद्धमा समेत आफ्नो कर्तव्यनिष्ठता, बहादुरी र निर्भीकताको प्रदर्शन गरेर चिनिएका हुन् । तिनको वीरता गतिशील छ । संसारमै वीर जातिका रूपमा प्रतिष्ठित हाम्रा श्रद्धेय पुर्खाको वलिदानीपूर्ण देशभक्ति विश्लेष्य गीतमा प्रमुख विषयकै रूपमा प्रतिपादन भएको देखिन्छ । हाम्रा पुर्खाले सीमित स्वार्थमा लागेर देश र जातिको स्वत्व र स्वाभिमान बेच्ने नीच प्रवृत्ति कहिल्यै देखाएका छैनन् । तिनै निस्वार्थी, स्वाभिमानी र निर्भीक नेपाली वीरयोद्धाको अटल देशभक्तिको चित्रण 'नवपल्लव' का गीतिरचनाको अन्तर्वस्तुमा पाइने उल्लेखनीय विशेषता हो ।

**(ख) नेपालको प्राकृतिक सम्पदा र सौन्दर्यप्रतिको मोह**

'नवपल्लव' गीतसङ्ग्रहका रचनाहरूमा नेपालका पहाड, नदीनाला, सांस्कृतिक सम्पदा, भौगोलिक दृश्य आदिप्रति विशेष अनुराग प्रकट गरिएको छ । नेपाली गाउँबस्तीका पँधेरो, पोखरी, बरपीपलको चौतारी आदिलाई गीतकारको राष्ट्ररागले समेटेको छ । देशप्रेमको प्रकृतीकरण भएका 'नेपाल आमा', 'मातृभूमिप्रति', 'सुन्दर नेपाल' जस्ता गीतहरूमा नेपाली प्रकृति र नेपाली भूगोलप्रति यसरी माया प्रकट गरिएको छ :

खोलाले खोला गाँसेको
पहाड तराई छाँदेको
पुर्खाको पौरख नेपाल
तन्नेरी तिमी समाल
गुराँस शिरीष फुलेको
रसमा मौरी डुलेको
('नवपल्लव', पृ. १२)

नेपालको ग्राम्यप्रकृति, ग्राम्य जीवनशैली र ग्राम्य परिवेशप्रति गीतकारको प्रेम छ । नेपाल प्रकृतिको देश हो भन्ने तथ्यलाई प्रस्तुत गीतांशले अभिव्यञ्जित गरेको छ । प्रकृतिको सौन्दर्यले आफ्नो राष्ट्र सजिसजाउ भएकामा गीतकारलाई गर्व लागेको छ । खोलानाला, पहाड, गुराँसको राताम्मे दृश्य, शिरीषको फूल, मौरीको भुनभुनले हाम्रो नेपाल सुन्दर, शान्त र विशिष्ट बनेको छ । 'नवपल्लव' गीतसङ्ग्रहका गीतिरचनामा अभिव्यञ्जित देशप्रेमको आलम्बन नै नेपाली प्रकृति हो । मातृभूमि नेपाललाई हृदयदेखि नै वन्दना गर्दै गीतकारको देशप्रेम यसरी प्रस्तुत भएको छ :

उकाली र ओरालीलाई भन्ज्याङ र चौरालीलाई
कोटिकोटि मेरो प्यार पहाडका घामपानीलाई
चारकोसे झाडीलाई सम्थर फाँट मैदानीलाई
कोटिकोटि मेरो प्रीति अन्नपूर्णा तराईलाई
पँधेरो र पोखरीलाई बरपीपल चौतारीलाई
कोटिकोटि मेरो माया पुर्खाको यो फूलबारीलाई
('नवपल्लव', पृ. ७)

नेपालको भूबनोट, मनोरम प्रकृति, सुन्दर र सुगन्धमय वनबगैँचा, खोलानाला, पहाडका घमाइला र रमाइला बस्तीलाई गीतकारले नेपाली जीवनसँग एकाकार गराई आफूभित्रको राष्ट्रराग पोखेका छन् । भौतिक दृष्टिले होइन आध्यात्मिक र मानवीय दृष्टिले नेपाली प्रकृतिलाई प्रेम र प्रार्थना गरिएको छ । मातृभूमि नेपाललाई पावन मन्दिरकै रूपमा हेर्दै देशभक्त गीतकारले आफ्नो मनको आरधना गीतिअभिव्यक्तिमा प्रकट गरेका छन् ।

नेपालीलाई नेपालकै भूमि प्यारो, श्रेष्ठ र सुन्दर लाग्छ भन्ने साक्ष्य यी गीतिपङ्क्तिलाई बनाइएको छ :

हिमालको चुली प्यारो तराईको धुली प्यारो
नेपालीलाई नेपालको सेरोफेरो सबै प्यारो

('नवपल्लव', पृ. १५)

नेपाली जाति, नेपाली जीवन र नेपाली प्रकृतिको गुणगान गर्दै 'नवपल्लव' गीतसङ्ग्रहका गीतिरचनामा प्रकृतिप्रतिको रागात्मक सम्बन्धलाई राष्ट्रप्रति एकाकार गराइएको छ । नेपाली प्रकृतिको अद्वितीय सौन्दर्यलाई गीतकारले राष्ट्रको सर्वोच्च विशेषताका रूपमा चित्रण गरेका छन् । 'सुन्दर नेपाल' शीर्षकको गीतमा पनि नेपालको हिमाल, पहाड र तराईकै महिमा गाइएको छ । यसको साक्ष्यका रूपमा निम्न गीतिपङ्क्ति प्रस्तुत गरिएको छ :

हिमालचुली आफैँ अग्लो अझै अरू चुली, थपूँ
सगरमाथा शिखरमा अझै केही पौरख थपूँ
हरियो छ पहाड यो हरियाली अझै थपूँ
पौरखले पसिनाले नौला फूल अरू ऊर्जा थपूँ
उर्वर छ तराई यो - अझै अरू ऊर्जा थपूँ

('नवपल्लव', पृ. १३)

नेपालको प्राकृतिक वैभव, हिमाल, पहाड र तराईका मौलिक विशेषता र नेपाली जनजीवनको चित्रण माथिको गीतांशमा आत्मपरक शैलीमा समेटिएका छन् । प्रकृतिमा नेपाली जीवन र नेपाली जीवनमा प्रकृति एकाकार भएको देखाएर गीतकारले राष्ट्ररागको आलम्बन प्रकृतिलाई बनाएका छन् । प्रकृति जड रूपमा होइन चेतन शक्तिका रूपमा गीतमा अभिव्यञ्जित भएको छ । 'चुली चुली हिमाल चाली सगरका मोती टिप्छ्यौ' भन्दै प्रकृतिको मानवीकरण गरिएकाले गीतिसौन्दर्य निकै उच्च बनेको छ । नेपाली प्रकृतिलाई राष्ट्रप्रेमको उद्दीपक वस्तुका रूपमा उपयोग गरिएको कारणले 'नवपल्लव' का गीतिरचनाहरू आस्वाद्य बनेका देखिन्छन् ।

**(ग) देशवासीको श्रम, सिप र एकताप्रति आस्था**

नेपाल राष्ट्रलाई सुन्दर, शान्त र सबल राख्न देशवासीको सक्रियता, परिश्रम र सामूहिक भावनाको खाँचो पर्दछ । देशको भूगोल र प्राकृतिक सौन्दर्यको परिचालन गर्ने देशवासीको चेतना, समर्पण र सक्रियता नै देशोत्थानको आधार हो । श्रमबिना देश बन्दैन । सिप र श्रमको आह्वान गर्दै गीतकार नेपालीहरूलाई आफ्ना पाखुरीको पौरख देखाउन यसरी आफ्नो गीति अभिव्यक्ति प्रस्तुत गर्छन् :

तराईको समथर धर्ती वन-बगैँचा फाँट सुन्दर
थोपाथोपा पसिनामा पाखुरीको पौरख अमर

('नवपल्लव', पृ. ८)

थोपाथोपा पसिनाले राष्ट्रको उत्थान हुन्छ भन्ने भावना अभिव्यञ्जित गर्दै राष्ट्रवासीलाई गीतमा सक्रिय र श्रमशील रहन आह्वान गरिएको छ । हाम्रा शिल्पी नेपालीहरूले आफ्नो हातको कला र सिपको प्रयोग गरी हाम्रो सिर्जनशीलतालाई विश्वमा चम्काइरहून् भन्ने देशभक्तिको सन्देश यसरी प्रस्तुत गरिएको छ :

रङ्गमा रङ्ग थपिई अर्को जसरी इन्द्रेनी झुल्कियो
सीपमा सीप थपिई अरू त्यसरी झुल्कोस् नेपाल यो
तारामा तारा थपिई अर्को जसरी आकाश सुहायो
त्यसरी सिङ्गै जनता जुटी जग्मग होओस् नेपाल यो
('नवपल्लव', पृ. १४)

सिपयुक्त जनशक्ति राष्ट्रको शक्ति हो । आर्थिक आत्मनिर्भरताको आधार नै सिपयुक्त जनशक्ति भएकाले सुखी र सम्पन्न नेपालको लक्ष्य यसैमा निर्भर हुने सुन्दर विचार गीतमा अभिव्यञ्जित छ । नेपाल सबै दृष्टिले जग्मगाउनु भनेको जनताको भावनात्मक एकता पनि हो भन्ने देशप्रेमी भावना उक्त गीतिसाक्ष्यमा समेटिएको छ । सकल जनताको सामूहिक बल नै राष्ट्रको शक्ति हो भन्ने प्रस्तुत गीतांशको आशय हो । मेची महाकाली, हिमाल, पहाड, तराई सबैको सामूहिक शक्ति, श्रम र सिपमा नेपालको समुन्नति सम्भव छ । साझा भावना नै देशको शक्ति हो भन्ने सुन्दर विचारलाई निम्न गीतिसाक्ष्यमा पनि जोड दिइएको छ :

घामपानीमा रुझी भिजी पसिनाको रस मिठो
सुख बाँडी दुःख बाँडी बाँच्दाखेरि जीवन मिठो
साझा सुख साझा दुःख दुई कोटि नेपालीको
साझा जीवन साझा मरण नेपालमा नेपालीको
('नवपल्लव', पृ. १५)

वैयक्तिक स्वार्थ, वैयक्तिक सुखसुविधालाई मात्र महत्त्व दिने जनता भएको देशको उन्नति दिगो हुँदैन । दुःख र सङ्कटमा एकताबद्ध हुने र सुख र सफलतामा पनि एकाकार रहने जनता नै राष्ट्रको समुन्नतिका आधार हुन् । साझा जीवन, साझा मरण, साझा दुःखसुख र साझा श्रमले देश सुन्दर र संवृद्ध बन्छ । यही मनोकामना गीतमा अभिव्यञ्जित भएको छ । साझा भावनाले देश एकताबद्ध हुन्छ । एकताको भावना गीतमा प्रतिबिम्बित भएकाले 'नवपल्लव' का गीतिरचनालाई देशप्रेमको विचार प्रवाहित गर्ने सुन्दर सिर्जना मानिन्छ ।

'नवपल्लव' मा सङ्गृहीत गीतिरचनाको भावविधान देशप्रेममा अवलम्बित छ । देशप्रेमभित्र मूलतः वीर पूर्वजको वलिदान, नेपालको प्राकृतिक सौन्दर्य र नेपालीको श्रम, सिप एवम् एकताको भावना जस्ता विषयवस्तुले गीतिअन्तर्वस्तु सुन्दर बनेको छ । गीतकार वासुदेव त्रिपाठीको कल्पनाशक्ति र भावतरलताका साक्षी बनेर देशप्रेमका विवेच्य गीतहरू प्रस्तुत भएका छन् । भावको सघनताले गीतिमाधुर्यलाई सबल बनाएको छ ।

## 'नवपल्लव' मा सङ्गृहीत गीतिरचनाको शिल्पविधान

शिल्पविधानभित्र रचनाकारको अभिव्यक्ति कलालाई विश्लेषण गरिन्छ । शिल्प साहित्यिक अभिव्यक्तिको ढङ्ग वा तरिका हो । शिल्प वा शैलीले भाषा र कलाको सुन्दर मिलन गराउँछ (शर्मा, २०४८, पृ. १२) । साहित्यिक रचनाको सौन्दर्यको स्वरूप भौतिक स्वरूपभन्दा फरक देखिन्छ । कृतिमा पाइने सौन्दर्य स्पर्शग्राह्य होइन मनोग्राह्य हुन्छ (शर्मा, २०४८, पृ. १३) । कृतिको सौन्दर्य भौतिक होइन शाब्दिक

सौन्दर्य हो भन्ने यस मतको निचोड रहेको छ । रचनाभित्र संश्लिष्ट रूपमा रहेको कथ्य र अभिव्यक्तिको सम्बन्धलाई केस्राकेस्रामा केलाएर सौन्दर्यसर्जक संवेगलाई उद्घाटित गर्नु शैलीविश्लेषण हो । साहित्यको भाषापरक अध्ययन नै शैलीशिल्प हो (त्रिपाठी, २०६५, पृ. ३११) । साहित्य कला हो र यसमा भाषाले कलाको स्वरूपमा रूपान्तरण हुँदा के कस्तो शैलीसंरचना देखाउँछ भन्ने अध्ययन नै साहित्यिक शैलीशिल्पको विश्लेषण हो ।

गीत पनि कविता जस्तै लयलाई माध्यम बनाएर लालित्य प्रवाह गर्ने रचना भएकाले गीतको शिल्पविधानमा भाषा, अप्रस्तुतविधान र लयविधानलाई प्रमुख घटक मानिन्छ । साहित्य भाषिक कला हो । भाषाको विचलन, विन्यास र विविध प्रयोग गीतिसौन्दर्य सिर्जनाको एउटा कारक हो । गीतमा सुन्दर र विशिष्ट अर्थ सिर्जना गर्न रचनाकारले प्रयोग गर्ने सादृश्यविधानलाई अप्रस्तुतविधान मानिन्छ । अप्रस्तुतविधानलाई अलङ्कारविधान पनि भनिन्छ । बिम्ब, प्रतीक, मानवीकरण, उपमा, रूपक आदिको प्रयोग गरी सामान्य भाषालाई रचनाकारले विशिष्ट भाषामा रूपान्तरण गर्दछ । पद्यरचनालाई सूक्ष्म र सुन्दर बनाउने तत्त्वहरू नै उपमा, रूपक, प्रतीकहरू हुन् (गौतम, २०५०, पृ. ३०७) । अप्रस्तुतविधानमा प्रस्तुत र अप्रस्तुत दुई तत्त्व हुन्छन् । प्रस्तुत मुख्य हुन्छ तर अप्रस्तुत अमुख्यका रूपमा रहन्छ । प्रतिपाद्य विषय मुख्य हो भने त्यसको व्याख्या वा विशेषताका रूपमा प्रयुक्त हुने सौन्दर्यसर्जक तत्त्व अमुख्य वा अप्रस्तुत हो ।

भाषा र अप्रस्तुतविधान जस्तै लयविधान पनि गीतको प्राण बनेर प्रयोग भएको देखिन्छ । गीतको गायनमा हुने आरोह वा अवरोह लय हो । गायनमा समय र गति पनि हेरिन्छ । बराबर समय लगाएर गाउन सकिने पङ्क्ति, शब्द, वर्णको संयोजनले लय उत्पन्न हुन्छ । गीतलाई गेय बनाउने प्रमुख तत्त्व नै लय हो । विवेच्य गीतसङ्ग्रह 'नवपल्लव' का गीतिरचनाहरूको शिल्पविधानको विश्लेषणमा पनि भाषा, अप्रस्तुतविधान र लयविधानलाई निम्नानुसार क्रमशः राखी विवेचना गरिएको छ :

### (क) भाषाप्रयोग

'नवपल्लव' गीतसङ्ग्रहका गीतिरचनाहरूमा भाषाको विशिष्ट प्रयोग गरिएको छ । गीतमा प्रयुक्त पदपदावलीमा सङ्गीत सिर्जना गर्न कोमल वर्णहरूको प्रयोग गर्दै देशप्रेमका गीतहरूको साङ्गीतिक अन्तर्प्रवाहलाई सशक्त बनाइएको छ । 'चुलीमा चुली', 'किरणमा किरण', 'सीपमा सीप', 'नदीमा नदी', 'तारामा तारा', 'पुस्तामा पुस्ता' जस्ता पदावलीको प्रयोगले आन्तरिक लयप्रवाहलाई सुन्दर बनाएको छ ।

गीतिभाषाले सरलताको माग गर्छ । गीतकार वासुदेव त्रिपाठीले पनि विवेच्य गीतिरचनामा सरल शब्दशब्दावलीको प्रयोग गर्दै देशप्रेमको सन्देशलाई यसरी सुस्वाद्य, संप्रेष्य र सहजग्राह्य बनाइएका छन् :

घामपानीमा रुझी भिजी पसिनाको रस मीठो
सुख बाँडी दुःख बाँडी बाँच्दाखेरि जीवन मिठो
('नवपल्लव', पृ. १५)

माथिको गीतिसाक्ष्यमा प्रयुक्त 'सुखदुख', 'घामपानी', 'पसिनाको रस' अत्यन्त सरल तथा सरस शब्दशब्दावली हुन् । पूर्वीय र पाश्चात्य साहित्यशास्त्रको गहन अध्ययन र दर्जनौं समालोचनाको लेखनमा अभ्यस्त चर्चित समालोचक वासुदेव त्रिपाठीको लेखनमा जटिल शब्दहरूको प्रयोग भएको पाइए पनि गीतमा उनी सरल शब्दको प्रयोग गर्छन् भन्ने स्पष्ट भएको छ । नेपाली जनजीवनमा चलनचल्तीमा रहेका सरस शब्दहरूको प्रयोग गीतमा यसरी गरिएको छ :

आफ्नै पाखुरीमा अड्दा पौरखको स्वाद मीठो
असजिलो होला केही स्वाभिमानको गौरव मीठो
चाहिँदैन खाबाखीर आफ्नै देशको पीठो मीठो
चाहिँदैन अमृत अरू स्वदेशको पानी मीठो
('नवपल्लव', पृ. १५)

प्रस्तुत गीतांशमा प्रयोग भएका 'पाखुरी', 'पौरख', 'खाबाखीर', 'मीठो पीठो', 'स्वदेशको पानी' जस्ता पदपदावलीले देशप्रेमको गीतलाई निकै संवेद्य, सरल र संप्रेष्य बनाएका छन् । श्रोतालाई श्रुतिसंवेद्य, सुबोध र झङ्कृत बनाउन गीतिभाषालाई सरल शैलीमा परिचालन गरिएको छ । गीतमा प्रयुक्त अक्षर संयोजन, वर्णसंयोजन तथा शब्दशय्यालाई राष्ट्रभावको सहज सञ्चार गर्न अनुकूल बनाइएको छ । सङ्गीतसृष्टिका दृष्टिले पनि 'नवपल्लव' गीतसङ्ग्रहको भाषा कोमल, सुश्रव्य र सरल देखिन्छ ।

गीतिपङ्क्तिहरूका आउने तुकान्तता, पुनरावृत्ति एवम् अन्तराहरूको अनुप्रास आदिले गीतलाई गेय बनाएका छन् । 'हिमालको <u>चुली प्यारो</u> तराईको <u>धुली प्यारो</u>' (पृ. १५) जस्तो अन्तरानुप्रासले गीतिभाषाको सौन्दर्य उच्च बनेको छ । गीतमा प्रयुक्त सुखद संवेदना उत्पन्न गराउने कोमल पदपदावलीले विवेच्य रचनाहरूलाई निकै कलात्मक बनाएको देखिन्छ ।

शब्दस्रोतका दृष्टिले विश्लेष्य गीतिरचनाहरूमा प्रचलित संस्कृत शब्दहरूको प्रयोग पाइन्छ । 'स्वाधीन', 'पवन', 'कोटिकोटि', 'तारामण्डल', 'शोभा', 'शेष', 'हिमाल', 'ध्वजा', 'ज्योति', 'श्रम', 'आकाश', 'स्वदेश' जस्ता प्रशस्त तत्सम शब्दहरू प्रयोग गरिएका छन् । लोकबोलीका 'खटन', 'खाबाखीर', 'चिनो', 'झुसी', 'पन्चै बाजा' जस्ता शब्दहरू पनि स्वाभाविक रूपमा प्रयुक्त छन् । गीति भाषा प्राञ्जल देखिन्छ । बोलचाल वा कथ्यनिकट भाषालाई पनि गीतले पचाउँछ । गीतकार वासुदेव त्रिपाठीले 'नवपल्लव' गीतसङ्ग्रहमा अप्रचलित कथ्य भाषाको प्रयोग गरेका छैनन् । उनको भाषा आलङ्कारिक, सुगठित र सुन्दर छ । शब्दशिल्पी गीतकारका रूपमा वासुदेव त्रिपाठी प्रस्तुत गीतिरचनामा देखिएका छन् । 'हिमालको चुली प्यारो तराईको धुली प्यारो नेपालीलाई नेपालको सेरोफेरो सबै प्यारो' जस्ता सङ्गीतमाधुर्यले भरिएका पङ्क्तिहरूले गीतको श्रव्यरमणीयतामा वृद्धि गरी भाषिक लालित्य बढाएका छन् ।

गीतकार वासुदेव त्रिपाठीको भाषामा वर्णनात्मकता र वस्तुपरकता होइन आत्मपरकता, निजात्मकता र सूक्ष्म अभिव्यञ्जना पाइन्छ । सुमधुर शब्दशय्या, आनुप्रासिकता, श्रुतिमधुरता र उच्चार्यश्रव्य कोमलता जस्ता भाषाशैलीगत विशिष्टता 'नवपल्लव' गीतसङ्ग्रहमा पाइन्छन् ।

### (ख) अप्रस्तुतविधान

गीतको साहित्यिक मूल्यलाई उच्च बनाउने तत्त्व अलङ्कार वा अप्रस्तुतविधान हो । अर्थ वा भावलाई चमत्कारपूर्ण बनाउन गीतकारले सरल बिम्ब तथा अर्थालङ्कारको प्रयोग गरेको हुन्छ । कथ्य प्रस्तुत अर्थका प्रतिच्छाया वा पूरकका रूपमा प्रयुक्त हुने अर्को सहवर्ती अर्थ नै बिम्ब वा अर्थालङ्कार हो (त्रिपाठी र अन्य, २०४६, पृ. २१) । गीतमा प्रयोग हुने बिम्बहरू सरल, भावका सहजात र सुन्दर हुन्छन् ।

'नवपल्लव' मा सङ्कलित गीतिरचनाहरूका बिम्ब, अर्थालङ्कार, मानवीकरण, प्रतीक आदि अप्रस्तुतविधानको अभिव्यक्ति प्रणालीमा समेटिएका शिल्पतत्त्वहरू पनि सरल र संवेद्य देखिन्छन् । राष्ट्रप्रेमको अभिव्यक्तिलाई चमत्कृत बनाउन यस्ता बिम्बहरूको प्रयोग गरिएको छ :

आँधी हुरी कति आए कहाँ डग्थ्यो वीरको छाती
कहाँ झुक्थ्यो अग्लो हिमाल कहाँ झुक्थ्यो वीर जाति
स्वाभिमानको दियो बाली उज्यालो यो नेपाल तखत
दुई कोटि सन्ततिमा अझै बग्छ वीर रगत

('नवपल्लव', पृ. ९)

'वीर रगत' शीर्षकबाट लिइएको प्रस्तुत गीतिसाक्ष्यमा रेखाङ्कित 'आँधीहुरी', 'नझुक्ने अग्लो हिमाल' र 'स्वाभिमानको दियो' दृश्य बिम्ब हुन् । राष्ट्र निर्माणका क्रममा वैरीहरूले बाहिरबाट गरेका आक्रमण र उत्पन्न सङ्कटलाई अभिव्यञ्जित गर्न 'आँधी हुरी' को प्रयोग गरिएको छ । 'नझुक्ने अग्लो हिमाल' ले नेपाली वीरहरूलाई सङ्केत गरेको छ । 'स्वाभिमानको दियो' ले नेपालीहरूमा सधैँ रहिरहने आत्मसम्मानलाई व्यञ्जित गरेको छ । यी बिम्बहरू पूर्वीय अर्थालङ्कारको पद्धतिका आधारमा रूपकका स्थानमा रहने अलङ्कार हुन् । 'नझुक्ने अग्लो हिमाल' लाई प्रकृतिको मानवीकरणका रूपमा पनि लिन सकिन्छ । प्रकृतिको मानवीकरण गरिएका गीतांशहरू विवेच्य रचनामा अरू पनि भेटिएका छन् । 'पूर्व टिस्टा तिमीलाई सम्झी अझै रुन्छ होला' (पृ. १०) भन्ने गीतिपङ्क्तिमा टिस्टा नदी वा सिमानालाई रोएको देखाएर मानवीकरण गरिएको छ । निर्जीव वस्तु रुनु र सम्झिनु मानवीकरणको उदाहरण हो । 'काँगडा र कलङ्गाको ढुङ्गामाटो बोल्छ होला' भन्ने पङ्क्तिमा पनि मानवीकरणको प्रयोग भएको छ । गीतलाई वर्णनात्मक र वस्तुपरक रचनाको स्तरबाट सूक्ष्म, व्यञ्जनात्मक र साहित्यिक बनाई अर्थविस्तार गर्न मानवीकरणको प्रयोग गरिएको हो ।

'नवपल्लव' गीतसङ्ग्रहका गीतिरचनामा सादृश्यविधानको प्रयोग गरी यसरी गीतिअभिव्यक्तिलाई सुन्दर बनाइएको छ :

चुलीमा चुली थपिई अर्को जसरी हिमाल चुलियो
पुस्तामा पुस्ता जुटेर अर्को त्यसरी उठोस् नेपाल यो
किरणमा किरण थपिई अर्को जसरी बिहान झुल्कियो
पसिनामाथि पसिना थपी त्यसरी खुलोस् नेपाल यो

('नवपल्लव', पृ. १४)

प्रस्तुत गीतिसाक्ष्यमा माथिल्लो पङ्क्तिको सादृश्यमा तल्लो पङ्क्तिको संयोजन गरिएको छ । हिमालका चुलीचुली थपिँदै अग्लो चुली बनेझैँ पुस्तापुस्ताको एकता र उन्नति जुट्दै नेपालको समुन्नति उच्च हुन्छ भन्ने अर्थचमत्कृति यसमा पाइन्छ । किरणमा किरण थपिएर जसरी बिहान झुल्किन्छ त्यसैगरी पसिनामा पसिना मिलेर नेपालको उन्नति अघि बढ्छ भन्ने अर्थ सादृश्यालङ्कारको प्रयोगले अभिव्यञ्जित गरेको छ ।

नेपाली प्रकृतिमा चेतनधर्मको आरोप गरी आन्तरिक सौन्दर्य सबल बनाउन गीतिरचनामा अप्रस्तुतविधानको प्रयोग गरिएको छ । राष्ट्रचेतलाई प्रभावशाली र व्यञ्जनाधर्मी बनाउन नेपाली प्रकृतिलाई आलम्बन बनाइएकाले यस कृतिमा राष्ट्रप्रेम आस्वाद्य बनेको छ ।

**(ग) लयविधान**

'नवपल्लव' गीतसङ्ग्रहका रचनाहरूमा मिश्रित प्रकारको लयविधान देखिन्छ । कुनै गीतमा १६ अक्षर कुनैमा १४ अक्षर र कुनैमा १९ अक्षरको लयविधान पाइन्छ । 'हिमालको चुली प्यारो तराईको धुली प्यारो' भन्ने पङ्क्तिमा १६ अक्षरको लयविधान पाइन्छ भने 'चुलीमा चुली थपिई अर्को जसरी हिमाल चुलियो' भन्ने पङ्क्तिमा १९ अक्षरको लयविधानको प्रयोग गरिएको छ । 'दुई कोटि वीर जुटी गर्छौं रखबारी' भन्ने पङ्क्तिमा १४ अक्षरको लयविधान पाइन्छ ।

गीतिरचनामा अन्त्यानुप्रास, मध्यानुप्रास र अन्तरानुप्रासको प्रयोगले गीतिभाषालाई गेय र श्रुतिसुखद बनाएको छ । यसको उदाहरण निम्न गीतांशलाई बनाइएको छ :

(क) आँधी हुरी कति आए कहाँ डग्थ्यो वीरको छाती
कहाँ झुक्थ्यो अग्लो हिमाल कहाँ झुक्थ्यो वीर जाति

(ख) दुई कोटि जिउँदा तनलाई दुई कोटि कोमल मनलाई
कोटिकोटि प्रणाम मेरो साझा जीवन मरणलाई

(ग) दुई कोटि नेपालीको घार फुटाउँ भन्ने को हो
थुनी छेकी प्राण नाका नेपाल झुकाउँ भन्ने को हो

प्रस्तुत गीतिसाक्ष्यको (क) मा रेखाङ्कित 'छाती-जाति' जस्ता शब्दहरूले अन्त्यानुप्रास उत्पन्न गरेका छन् भने (ख) मा रेखाङ्कित 'तनलाई-मनलाई' जस्ता शब्दहरूले अन्तरानुप्रास पैदा गरेका छन् । त्यसै गरी (ग) मा रेखाङ्कित 'फुटाउँ-झुकाउँ' जस्ता शब्दहरूले मध्यानुप्रास सिर्जना गरेका छन् । यी अनुप्रासको प्रयोगले देशप्रेमको अन्तर्वस्तुलाई सुश्रव्य बनाएको छ । गीतिपङ्क्तिहरूमा पुनरावृत्त भएका शब्दहरूले पनि लयलाई सघन र श्रुतिसुखद बनाएका छन् । यसको साक्ष्य निम्न गीतांशमा देखाइएको छ :

चुलीमा चुली थपिई अर्को जसरी हिमाल चुलियो
पुस्तामा पुस्ता जुटेर अर्को त्यसरी उठोस् नेपाल यो

('नवपल्लव', पृ. १४)

उक्त गीतांशमा प्रयुक्त 'चुलीमा चुली', 'पुस्तामा पुस्ता' जस्ता शब्दहरूको पुनरावृत्ति लयसिर्जनाका निम्ति गरिएको हो । 'नेपालप्रति' भन्ने गीतमा 'लहरमा लहर', 'किरणमा किरण', 'नदीमा नदी', 'रङ्गमा रङ्ग', 'सिपमा सिप', 'तारामा तारा' जस्ता पुनरावृत्त भएका शब्दहरू गीतमा प्रयुक्त छन् । यस्तो प्रयोगले लय श्रुतिरम्य र सुन्दर बनेको छ ।

गीतमा प्रयुक्त अप्रस्तुत विधानका कारण गीतको आन्तरिक लय प्रबल बनेको छ । आन्तरिक लय भनेको शब्द संयोजनबाट होइन अर्थको सौन्दर्यबाट उत्पन्न लय हो । 'नवपल्लव' गीतसङ्ग्रहका गीतिरचनामा प्रयुक्त 'घामछाया', 'सागर', 'मोती', 'शोभा', 'छाती', 'जाति', 'रमाइला लेकबेसी', 'चुली', 'मौरी', 'पसिनाको रस' जस्ता थुप्रै सरल र सुश्रव्य पदपदावलीहरू पनि प्रयोग भएका छन् । यस्तो प्रयोगले गीतको श्रुतिसुखदता बढेको छ । यी गीतहरू गायनका दृष्टिबाट पनि सहजै उच्चारण हुने सरल र संप्रेष्य छन् ।

## निष्कर्ष

'नवपल्लव' गीतसङ्ग्रहमा सङ्कलित गीतहरू सङ्ख्यामा न्यून भए पनि यी रचना देशप्रेमको अन्तर्वस्तु बोक्ने सारगर्भित, सूत्रात्मक र सुन्दर अभिव्यक्ति हुन् । विवेच्य रचनाहरूको वस्तुविधानमा वीर पूर्वजको शौर्य, समर्पण र देशभक्ति अभिव्यञ्जित भएको छ । देशप्रेमको मूल भावभित्र नेपालको सुन्दर प्रकृति, नेपाली

जनजीवन, नेपालको भूगोल र नेपालका रमणीय परिवेश प्रतिबिम्बित भएको छ । नेपाली प्रकृतिको मानवीकरण गर्दै नेपाली जनमनलाई देशभक्तिको भावनाले संवेदित पार्न गीतकार सफल देखिन्छन् । यस कृतिमा नेपाली प्रकृतिलाई आलम्बन बनाई गीतकारको सुन्दर राष्ट्रचेत व्यञ्जित भएकाले विवेच्य रचनाहरू प्रेषणीय, प्रभावकारी र सुसंवेद्य बनेका छन् । गीतकार वासुदेव त्रिपाठीको सौन्दर्य बोध र राष्ट्रचेत सबल छ भन्ने विवेच्य गीतिरचनाले पुष्टि गरेका छन् । यी कलात्मक गीतहरू पाठकश्रोताको संवेदनाको दोहन गरी देशवासीलाई राष्ट्रप्रति समर्पित र उत्प्रेरित गर्न सफल देखिन्छन् । देशभक्तिका नेपाली गीतहरूको परम्परामा 'नवपल्लव' नेपाली जनमनलाई आकर्षित गर्ने सुन्दर गीतिकृति हो । यसको साहित्यिक मूल्य नेपाली गीतिसाहित्यमा उच्च देखिन्छ ।

गीतिकौशलका दृष्टिले विवेच्य गीतिरचनालाई मूल्याङ्कन गर्दा रचनाको भाषिक सौन्दर्य उच्च देखिन्छ । रचनाका पदापदावली गेय, श्रुतिसुखद र लालित्यपूर्ण छन् । विवेच्य गीतिरचनामा प्राञ्जल, सुगठित, आलङ्कारिक र सरस भाषाको प्रयोग गरिएको छ । गीतिसाहित्यले अपेक्षा गर्ने सरल, प्रेषणीय र सुसंवेद्य भाषाशैलीमा विवेच्य कृति अभिव्यञ्जित छ । गीतकारको राष्ट्ररागले गहनता प्राप्त गरेकाले गीतितत्त्वलाई कवित्वले साहचर्य गर्दै रचनालाई सन्तुलित बनाइएको छ । अन्त्यानुप्रास, मध्यानुप्रास र अन्तरानुप्रासको सहज प्रयोग गरिएकाले प्रस्तुत कृतिमा लयसघनता र भाषिक सङ्गीत उच्च देखिन्छ । अप्रस्तुतविधानको प्रयोगमा पनि जटिल आलङ्कारिक सजधज देखिँदैन । भावका सहजात बनेर बिम्ब, अलङ्कार र मानवीकरण जस्ता अप्रस्तुतविधानका शिल्पतत्त्वहरू गीतमा प्रयुक्त छन् । 'नवपल्लव' मा गीतकार वासुदेव त्रिपाठीको कवित्व र गीतितत्त्वले सन्तुलित स्वरूप प्राप्त गरेको छ ।

## सन्दर्भ सामग्री सूची


अम्ब्रज (सन् २०००). *अ ग्लोसरी अफ लिटरेरी टर्म्स एन्ड लिटरेरी थियरी.* नयाँ दिल्ली : म्याकमिलन इन्डिया लिमिटेड ।

कडन, जे.ए. (सन् १९९९). *डिक्सनरी अफ लिटरेरी टर्म्स एन्ड लिटरेरी थियरी.* दिल्ली : पेङ्गुइन बुक्स ।

कँडेल, घनश्याम (२०५५). *नेपाली समालोचना.* ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* (दोस्रो भाग). पाँचौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य, सम्पा. (२०४६). *नेपाली कविता भाग ४.* ललितपुर : साझा प्रकाशन ।

*द वर्ल्ड बुक इनसाइक्लोपेडिया* (सन् १९५५). अमेरिका : लाइब्रेरी अफ कङ्ग्रेस ।

*द वर्ल्ड बुक इन्साइक्लोपेडिया,* भोल्युम ९ (सन् १९६६). इङ्गल्यान्ड : फिल्ड इन्टरप्राइजेज, एजुकेसनल कर्पोरेसन ।

पोखरेल, बालकृष्ण र अन्य सम्पा. (२०७५). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरि (२०६०). *गीत : सिद्धान्त र इतिहास.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लोहनी, श्रीधरप्रसाद र अधिकारी, रामेश्वर सम्पा. (सन् २०१०). *एकता कम्प्रिहेन्सिभ इङ्गलिस नेपाली डिक्सनरी.* काठमाडौँ : एकता प्रकाशन ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, सुकुम (२०६२). "समालोचक वासुदेव त्रिपाठी". *यथार्थवादी नेपाली समालोचना.* सम्पा. घनश्याम ढकाल. पोखरा : गण्डकी साहित्य सङ्गम ।